# बर्दिबास नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं २, नेपाल

**सार्वजनिक जग्गाको लगत संकलन कार्यका लागि आसयपत्र आह्वान सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिती २०७६।०८।२२

यस बर्दिबास नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम बमोजिम सार्वजनिक जग्गाको लगत संकलन कार्य गर्नु पर्ने भएकाले तपशिलमा योग्यता पुग्ने फर्म/कम्पनीहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आसयपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

१. लिखित निवेदन सहित रु. १० को टिकट टाँसी नियमानुसार नवीकरण भएको फर्म /कम्पनी दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर तथा मु.अ. कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र ( ०७५/०७६) र ०७५/०७६ को अडिट रिपोर्ट तथा व्यवसायिक इजाजत पत्रहरुको नोटरीबाट प्रमाणित प्रतिलिपी सहित तोकिए बमाजिमको मिति र समय भित्र पेश गर्नुपर्नेछ ।

२. यो कार्य गर्नका लागि इच्छुक फर्म/कम्पनीको आ.व. ०७५/०७६ को बार्षिक कारोबार कम्तिमा एक करोड वा सो भन्दा माथि हुनुपर्नेछ ।

३. आसयपत्र दाता/कम्पनी कम्तिमा पनि पाँच बर्ष पुरानो हुनुपर्नेछ र समान भौगोलिक ठाँउमा विगत तिन बर्ष भित्र कम्तिमा ३ वटा काम गरेको हुनुपर्नेछ ।

४. आसयपत्र सम्बन्धि दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनको १२:०० बजे खोलिने छ ।

५. योग्यता र रीत नपुगी तथा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाहि गरिने छैन । साथै कुनै शर्त राखी प्रस्ताव स्वीकार गरिने छैन ।

६. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४( संसोधन सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत